मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १७० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार १८ गते बुधबार ❑ 2 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गण्डकीका आठ जिल्ला पूर्णखोप सुनिश्चित घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असार

गण्डकी प्रदेशको कास्की, बागलुङ, तनहुँ, म्याग्दी, मनाङ, लमजुङ, पर्वत र गोरखालाई पूर्ण खोप सुनिश्चितता जिल्ला घोषणा गरिएको छ।

जन्मेदेखि २३ महिनाभित्रका बालबालिकाले आवश्यक सबै खोप पाएपछि आठवटै जिल्लालाई पूर्ण खोप सुनिश्चितता एवं दिगोपना घोषणा गरिएको हो।

प्रदेशका बाँकी जिल्ला स्याङ्जा, नवलपुर र मुस्ताङलाई यही असारभित्र पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिने प्रदेशको स्वास्थ्य मन्त्रालयले जनाएको छ । कास्कीलाई सोमबार र लमजुङलाई आज पूर्णखोप सुनिश्चित जिल्ला घोषणा गरिएको स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले बताउनुभयो।

पहिलो पटक विसं २०७५ मा गण्डकी प्रदेश नै पूर्णखोप सुनिश्चित प्रदेश घोषणा भए पनि त्यसयता बर्सेनि हरेक स्थानीय तह, जिल्ला र प्रदेशलाई पूर्णखोप सुनिश्चितता र दिगोपना घोषणा गर्ने गरिएको उहाँको भनाइ छ। स्वास्थ्य मन्त्रालयका अनुसार जन्मेदेखि २३ महिना उमेर समूहका बालबालिकाले १३ प्रकारका रोगविरुद्ध लगाइने सम्पूर्ण खोप पाएपछि पूर्णखोप सुनिश्चितता एवं दिगोपना घोषणा गर्ने गरिएको छ।

घोषणासँगै यसको दिगोपनाका लागि हरेक वर्ष खोप अभियान सञ्चालन गर्ने गरिएको मन्त्रालयले जनाएको छ। खोप लगाउनबाट कुनै पनि बालबालिका बञ्चित हुन नपरोस् भनेर खोजीखोजी खोप लगाउने गरिएको जिल्ला खोप समन्वय समिति, बागलुङका सदस्य सचिव घनश्याम सापकोटाले बताउनुभयो।

स्वास्थ्यमन्त्री पाठकले खोप कार्यक्रम तीनै तहका सरकारको प्राथमिकतामा रहेको बताउनुभयो । नियमित खोप पाउनु बालबालिकाको अधिकार र खोप दिलाउनु राज्यको दायित्व रहेको उहाँको भनाइ छ। मातृ तथा नवशिशु मृत्युदर घटाउन पूर्णखोप अभियानले सहयोगपुऱ्याइरहेकोस्वास्थ्यमन्त्री पाठकले बताउनुभयो।

प्रदेशका करिब २५ हजार बालबालिकालाई नियमित खोपको दायरामा ल्याइएको जनाउँदै उहाँले सबै जिल्ला घोषणा भएपछि गण्डकीलाई पूर्णखोप सुनिश्चित प्रदेश घोषणा गरिने बताउनुभयो।

## विकास सहायतालाई अनुमानयोग्य र पारदर्शी बनाउन प्रधानमन्त्रीको आह्वान

**रासस**
काठमाडौं, १७ असार




प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वमा विकास सहायता अनुमान गर्न सकिने र विकासशील देशको आवश्यकतासँग अनुकूल हुनुपर्नेमा जोड दिनुभएको छ।

संयुक्त राष्ट्रसङ्घीय 'विकासका लागि वित्त' सम्बन्धी चौथो अन्तरराष्ट्रिय सम्मेलनका क्रममा स्पेनमा रहनुभएका प्रधानमन्त्री ओलीले 'थिम आधारित राउण्ड टेबल-अन्तरराष्ट्रिय विकास सहयोगको पुनर्जीवन' मा सहअध्यक्षतासहित सम्बोधन गर्दै साझा विश्वव्यापी समृद्धिको मार्गलाई पछ्याउँदै आवश्यकताभन्दा कम र असन्तुलित रूपमा प्रवाह भइरहेको विकास सहायतामा रूपान्तरण हुनुपर्ने बताउनुभयो।

विकसित देशले आफ्ना प्रतिबद्धतालाई बोलीमा नभई व्यवहारमा उतार्नुपर्ने बताउँदै प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामी हतियारमा होइन, मानिसहरूमा लगानी गरौँ। जलवायु वित्तलाई मापन गरी सन्तुलित लगानी बढाऔँ । अन्तरराष्ट्रिय विकास सहयोगको वास्तविक उद्देश्य निर्भरता होइन, सम्मान र मर्यादा पनि हो ।" उहाँले जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित देशहरूमा अनुकूलन र न्यूनीकरणको लागि छुट्याइएको नयाँ र थप स्रोतहरूको सुनिश्चितताका लागि पनि आह्वान गर्नुभयो।

प्रधानमन्त्री ओलीले स्थानीय स्वामित्व केन्द्रित, पारस्परिक विश्वासलाई बढावा दिने र पारदर्शिता र साझेदारीलाई कायम राख्नेगरी लगानी बढाउन आग्रह गर्दै सेभिया (सेभिल्ला) प्रतिबद्धताले विश्वव्यापी विकास सहयोगलाई पुनः रूपान्तरण र पुनर्जीवित गर्ने एउटा महत्त्वपूर्ण अवसर प्रदान गरेको बताउनुभयो । "यो एउटा ऐतिहासिक उपलब्धि हो, तर यसको सफलता हाम्रो सामूहिक सङ्कल्पमा निर्भर रहन्छ", उहाँले भन्नुभयो, "दाताहरूको विभाजन, समन्वयको अभाव, प्राथमिकताहरूमा परिवर्तन र राष्ट्रिय प्रणालीहरूलाई बाइपास गर्नेजस्ता कार्यहरूले सहायताको प्रभावकारितालाई निरन्तर कमजोर बनाइरहेका छन्। यस्ता कमजोरीहरूलाई सुधार गरेर जानुपर्छ भन्ने हामी सबैको चाहना हो।"

## नेपाल 'सोलो एड्भेन्चर ट्राभल' सूचीको सातौँ नम्बरमा

**रासस**
काठमाडौं, १७ असार

नेपाल सन् २०२५ को एकल साहसिक यात्रा (सोलो एड्भेन्चेर ट्राभल) गन्तव्यको सातौँ स्थानमा परेको छ।

बेलायतस्थित साहसिक पर्यटन कम्पनी 'मच बेटर एड्भेन्चर्स' ले सार्वजनिक गरेको सूचीमा नेपाल सातौँ स्थानमा परेको हो।

नेपाल पर्यटन बोर्डले हालै देशको साहसिक, प्राकृतिक र सांस्कृतिक विविधता विश्व समुदायसामु प्रभावकारी ढङ्गले प्रस्तुत गर्दै आएको छ। बोर्डले प्रवर्द्धन गर्दै आएको उत्तरदायी पर्यटन, सहज पहुँच, स्थानीय गाइड प्रयोग र समुदाय-आधारित पर्यटन प्रवर्द्धनको नीतिले नेपाललाई एकल यात्रुका लागि थप सुरक्षित, भरपर्दो र रमणीय गन्तव्य बनाएको छ।

'मच बेटर एड्भेन्चर'को सूचीका लागि नेपाललाई अद्वितीय भू-दृश्य, समृद्ध संस्कृति, बजेटमैत्री सेवा र विविध साहसिक गतिविधिका लागि उच्च मूल्याङ्कन गरिएको छ । यसमा एभरेष्ट बेसक्याम्प ट्रेक, अन्नपूर्ण सर्किट र चितवन राष्ट्रिय निकुञ्जमा जङ्गल सफारीजस्ता गतिविधिले नेपाललाई आत्मिक शान्ति खोज्ने र साहसिकतामा रमाउने एकल पर्यटकहरूको प्रमुख रोजाइमा रहेको उल्लेख छ।

पर्यटन बोर्डले एकल यात्रुको अनुभवलाई अझै समृद्ध बनाउने उद्देश्यले गन्तव्यमा आवश्यक सूचना, स्थानीय गाइडमार्फत सुरक्षित यात्रा र संस्कृति, प्रकृति तथा साहसिक क्रियाकलापको सन्तुलित संयोजनमा जोड दिएको छ । बोर्डले प्रवर्द्धन गर्दै आएको उत्तरदायी पर्यटन नीतिअन्तर्गत हिमाली क्षेत्र, निकुञ्ज र ऐतिहासिक सम्पदास्थलहरूमा स्थानीय समुदायको सहभागिता र संरक्षणलाई प्राथमिकतामा राखेको छ।

नेपालको यात्रा लागत औसतमा सस्तो पर्ने भएकाले नेपाललाई बजेटमैत्री गन्तव्यका रूपमा पनि मूल्याङ्कन गरिएको छ। जसमा भनिएको छ, "नेपालमा सस्तो आवास, सहुलियतपूर्ण प्याकेज र प्रचुर सांस्कृतिक तथा प्राकृतिक अनुभव पाउन सकिन्छ।"

मच बेटर एड्भेन्चर्सका सहसंस्थापक श्याम ब्रुसका अनुसार, यो सूची विशेषज्ञहरूको सुझाव र ग्राहकको यात्रा अनुभवका आधारमा तयार गरिएको हो । यसमा सुरक्षा, दिगोपन, पहुँचयोग्य, र लोकप्रियता जस्ता पक्षहरू समेटिएका छन्।

उहाँ भन्नुहुन्छ, "नेपालले एकल यात्रुहरूलाई अद्भुत प्रकृति, गहिरो आध्यात्मिकता र हार्दिकतापूर्ण सत्कार प्रदान गर्छ, चाहे त्यो काठमाडौँका व्यस्त गल्लीहरू हुन् वा हिमाली क्षेत्रका शान्त र रमणीयस्थलहरू नै किन नहुन्।"

त्यसैगरी मच बेटर एड्भेन्चर्सका कन्टेन्ट म्यानेजर किर्स्टी होल्म्सले भर्खरै नेपालको एकल यात्रा गर्नुभएको थियो। उहाँले आफ्नो अनुभव उल्लेख गर्दै भन्नुभएको छ, "अन्नपूर्ण संरक्षण क्षेत्रमा हिँड्दा र चितवनमा घुम्दा म आफू घरमा पुगेको अनुभूति भयो।" मच बेटर एड्भेन्चर्सको प्रमुख १० गन्तव्यमा इटाली पहिलो नम्बरमा छ भने क्रमशः जापान, नर्वे, स्पेन, अल्बानिया, पोर्चुगल, नेपाल, मोन्टेनेग्रो, जोर्डन र ग्रिस रहेका छन्।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले यस्ता अन्तरराष्ट्रिय सूचीकृत सफलतालाई बोर्डले अवसरका रूपमा प्रयोग गर्दै थप रणनीतिक प्रवर्द्धन र गन्तव्य सुधारका पहलहरू अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

## मादी गाउँपालिकाको साँढे ६० करोड बजेट सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असार



कास्कीको मादी गाउँपालिकाले अन्ततः एक साता ढिलो गरी आगामी आर्थिक वर्ष २०८२/८३ का लागि ६० करोड ५० लाख २० हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ।

आन्तरिक राजनीतिक विवादका कारण स्थगित भएको गाउँसभा मंगलबार बसेपछि उपाध्यक्ष कल्पना गुरुङले बजेट तथा कार्यक्रम प्रस्तुत गरेकी हुन् । उहाँले जानकारी दिनुभयो कि चालु प्रशासनिक खर्चतर्फ १४ करोड ३० लाख, वडाका लागि १९ करोड २० लाख र विभिन्न शाखातर्फ १८ करोड ८० लाख रुपैयाँ विनियोजन गरिएको छ।

यसपालिको बजेटमा केही नविन र सामाजिक सन्देश दिनेस्थायी कार्यक्रमहरू समेटिएको छ । तपाईं मादी गाउँपालिकामा स्थायी रूपमा बसोबास गर्नुहुन्छ भने र तपाईंले तेस्रो सन्तान जन्माउनुभयो भने सो शिशुको नाममा गाउँपालिकाले ५० हजार रुपैयाँ बैंक खातामा जम्मा गरिदिनेछ। शिशु बालिग भएपछि मात्र उक्त रकम झिक्न सकिने गरी योजना बनाइएको हो।

यसैगरी, तपाईं दलित समुदायकी युवती हुनुहुन्छ भने र २० वर्ष उमेर पुगेपछि मात्र विवाह गर्नुभयो भने गाउँपालिकाले तपाईंलाई १५ हजार रुपैयाँ प्रोत्साहन स्वरूप उपलब्ध गराउनेछ । यो कार्यक्रम बालविवाह न्यूनीकरण र कानुनी उमेरमा विवाहलाई प्रोत्साहन गर्न ल्याइएको हो। गाउँपालिकामा घट्दो जन्मदर र बढ्दो बसाइँसराइको सन्दर्भमा जनसंख्या वृद्धिदरलाई सन्तुलित बनाउन यस्तो कार्यक्रम ल्याइएको गाउँपालिकाले जनाएको छ। प्रमुख प्रशासकीय अधिकृत धनेन्द्र भूजेलका अनुसार, यो सुविधा पाउनका लागि स्थायी मादीबासी हुनु पर्ने, अन्यत्र दीर्घकालीन बसाइँसराइ नगरेको हुनु पर्ने, र वडा अध्यक्ष तथा वडा सचिवको सिफारिस अनिवार्य रहनेछ। यता, बजेट एक सातासम्म स्थगित हुनुमा आन्तरिक राजनीतिक मतभेदको भूमिका रहेको हो। अध्यक्ष देविजंग गुरुङले असार ९ गते नीति तथा कार्यक्रम प्रस्तुत गरेपछि छलफलका क्रममा नियमसम्बन्धी आपत्ति आइ बैठक असार १० गतेसम्म स्थगित भएको थियो। एमालेका केही सदस्यहरूले कार्यपालिकाको प्रक्रिया र सदनमा देखिएको पार्टीगत व्यवहारप्रति असहमति जनाएका थिए। अन्ततः सबै पक्षबीच सहमति जुटेपछि मंगलबार गाउँसभा सम्पन्न भएको हो । गाउँपालिकाले कृषिलाई आधार मानेर पर्यटन, पूर्वाधार, स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा लगायतका क्षेत्रमा समेत प्राथमिकता दिएको जनाएको छ। यदि तपाईं मादी गाउँपालिकाका स्थायी बासिन्दा हुनुहुन्छ भने यो बजेटले ल्याएका कार्यक्रमले तपाईंको सामाजिक सुरक्षालाई थप बलियो बनाउने विश्वास गर्न सकिन्छ।

## सङ्घीय निजामती विधेयकमा बदमासी गर्नेलाई कारबाही गर्नुपर्छः अध्यक्ष दाहाल

**रासस**
काठमाडौं, १७ असार

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सङ्घीय निजामती सेवा विधेयक पारित गर्ने क्रममा गम्भीर षड्यन्त्र भएको बताउनुभएको छ।

योङ कम्युनिष्ट लिग, नेपाल (वाइसिएल) को केन्द्रीय पदाधिकारी बैठकलाई आज पेरिसडाँडामा सम्बोधन गर्दै अध्यक्ष दाहालले विधेयकमा चलखेल र छेडखानी गर्ने प्रवृत्तिलाई छुट दिन नसकिने भन्दै छानबिन गरेर कारबाही प्रक्रिया अगाडि बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । "परिवर्तनका उपलब्धिहरू उल्ट्याउने षड्यन्त्र हुँदै आएको छ। सङ्घीय निजामती विधेयकमा षड्यन्त्र भएको छ," उहाँले भन्नुभयो, "यो विधेयकमा कसले बदमासी गऱ्यो, त्यसको छानबिन गरी, चलखेल तथा छेडखानी गर्ने प्रवृत्तिमाथि कारबाही गराउनेतर्फ हामी लागेका छौँ।"

अध्यक्ष दाहालले संविधान र जनताको रगत-पसिनाबाट प्राप्त उपलब्धिहरूलाई उल्ट्याउने प्रवृत्ति यसअघि पनि देखिएको र अहिले पुनः त्यसको पुनरावृत्ति हुने खतरा औँल्याउनुभयो । "यथास्थिति र प्रतिगमन उल्ट्याउने प्रयास भइरहेको अवस्थामा हामीले पार्टीको अभियान रोकेर प्रतिवाद गऱ्यौँ । अहिले पनि त्यो प्रवृत्ति जारी छ," उहाँले भन्नुभयो । सो अवसरमा अध्यक्ष दाहालले वाइसिएल नेपाललाई पार्टीको विचार, लाइन र विधानप्रति पूर्ण प्रतिबद्धताका साथ अघि बढ्न आग्रह गर्नुभयो । पार्टीको आठौँ महाधिवेशनले पारित गरेको विधान, विचार र लाइनलाई जनतासमक्ष लैजान आवश्यक रहेको उहाँको भनाइ थियो । अध्यक्ष दाहालले वर्तमान अवस्थामा वर्गसङ्घर्ष थप पेचिलो बन्दै गएको उल्लेख गर्दै विचार र नेतृत्वको रक्षा गर्दै एकताबद्ध रूपमा क्रान्तिकारी धारलाई बलियो

बाँकी अन्तिम पृष्ठमा ▶▶

**मानसिक स्वास्थ्य प्रति सचेत बनौं**

- निराश हुनु,
- तनाव तथा चिन्तित महशुस हुनु,
- बेला बेलामा डर लाग्नु,
- पसिना आउनु,
- गहिरो निद्रा नपर्नु लगायत मानसिक रोगका लक्षण हुन सक्छन्।

मानसिक समस्या निदानको लागिः

- नियमित व्यायाम गरौं,
- आफ्ना भावना खुल्ला रुपमा व्यक्त गरौं,
- परिवार र साथीहरुसँग समय बिताऔं,
- योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,
- आवश्यक परेमा मानसिक स्वास्थ्य विशेषज्ञसँग परामर्श गरौं,

"स्वस्थ मन, सुखी जीवन"

नेपाल सरकार
विज्ञापन बोर्ड

# अन्तर कलेज क्रिकेट लिग कप-२०८२ हुने

पोखरापत्र संवाददाता
पोखरा, १७ असार

पोखरामा बुधबारदेखि कलेज स्तरिय क्रिकेट प्रतियोगिता हुने भएको छ।

पोखराका विभिन्न क्याम्पसहरुमा रहेका क्रिकेटका प्रतिभाहरुको खोजी गर्नका लागि पोखरा महानगरपालिका क्रिकेट संघको आयोजनामा असार १८ गते भोलिदेखि असार २४ गतेसम्म अन्तर कलेज क्रिकेट लिग कप-२०८२ हुने भएको हो।

पोखराको लेखनाथस्थित ईडन हेभन क्रिकेट मैदानमा हुने प्रतियोगितामा ५ टिम सहभागि हुने आयोजक पोखरा महानगरपालिका क्रिकेट संघले जनाएको छ । कंगारु एजुकेसन कन्सल्टेन्सी प्रालिको मुख्य प्रायोजनमा हुने प्रतियोगितामा पोखरा विश्वविद्यालय (पियू), पृथ्वीनारायण क्याम्पस (पिएन), गण्डकी विश्वविद्यालय (जियू), जनप्रिय बहुमुखी क्याम्पस (जेएसी) र पश्चिमाञ्चल ईञ्जिनियरिङ क्याम्पस (डब्लुआरसी)ले सहभागिता जनाउने संघका अध्यक्ष बिरेन्द्र पुनले जानकारी दिए । क्रिकेट लिग प्रतियोगिताको उद्घाटन खेलमा भोलि पृथ्वीनारायण क्याम्पस र पोखरा विश्वविद्यालय आमनेसामने हुनेछन् भने भोलि नै हुने दोस्रो खेलमा पश्चिमाञ्चल ईञ्जिनियरिङ कलेज र गण्डकी विश्वविद्यालय प्रतिष्पर्धामा उत्रिने अध्यक्ष पुनले बताए । प्रतियोगिताको दोस्रो दिन असार १९ गते पहिलो खेलमा पश्चिमाञ्चल ईञ्जिनियरिङ क्याम्पसले पोखरा विश्वविद्यालय तथा दोस्रो खेलमा जनप्रिय क्याम्पसले पृथ्वीनारायण क्याम्पससँग प्रतिष्पर्धा गर्ने उनले जानकारी दिए । तेस्रो दिन असार २० गते पहिलो खेलमा पोखरा विश्वविद्यालय र जनप्रिय क्याम्पस तथा दोस्रो खेलमा पृथ्वीनारायण क्याम्पस र गण्डकी विश्वविद्यालय आमनेसामने हुनेछन् । चौथो दिन असार २१ गते पहिलो खेलमा पश्चिमाञ्चल ईञ्जिनियरिङ क्याम्पस र जनपिय क्याम्पस तथा दोस्रो खेलमा गण्डकी विश्वविद्यालय र पोखरा विश्वविद्यालय प्रतिष्पर्धामा उत्रिनेछन् । पाँचौं दिन असार २२ गते पहिलो खेलमा पृथ्वीनारायण क्याम्पस र पश्चिमाञ्चल ईञ्जिनियरिङ क्याम्पस तथा दोस्रो खेलमा गण्डकी विश्वविद्यालय र जनप्रिय बहुमुखी क्याम्पसबीच प्रतिष्पर्धा हुने अध्यक्ष पुनले जानकारी दिए। प्रतियोगिताको अन्तिम दिन असार २४ गते उपाधिका लागि फाइनल प्रतिष्पर्धा हुने जनाइएको छ। जसमा लिगको पहिलो र दोस्रो स्थानमा रहेका दुई टिम उपाधिका लागि प्रतिष्पर्धामा उत्रिने उनले बताए । पोखरालाई खेलकुदको सहरको रुपमा स्थापित गर्ने, खेलकुद र संस्कृतिको प्रवर्द्दन गर्दै क्षेत्रीय तथा राष्ट्रिय स्तरमा पोखराको उपस्थिति बलियो बनाउने तथा युवायुवतीलाई ईन्टरनेट, मोवाइल तथा भिडियो गेमको लतबाट निकालेर प्रविधिमैत्री तरिकाले शारिरिक गतिविधिमा संलग्न गराई मानसिक र शारिरिक रुपमा तन्दुरुस्त बनाउने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको अध्यक्ष पुनले बताए । उनले भने,'अहिलेका युवा ईन्टरनेट, मोवाइल, ल्यापटप, भिडियो गेममा लिप्त हुँदा शारिरिक र मानसिक रोगको सिकार भएका छन् । उनीहरुलाई त्यस लतबाट बाहिर निकालेर शारिरिक र मानसिक रुपमा स्वस्थ बनाउने उद्देश्यले प्रतियोगिता आयोजना गरेका हौं'-उनले भने । खेलबाट खेलाडीले अनुशासन र सामुहिकता (टिम स्पिरिट)पनि सिक्ने उनको भनाई छ।

प्रतियोगिताको बिजेताले नगद ३० हजारसहित ट्रफी तथा उपबिजेताले नगद १५ हजारसहित ट्रफी प्राप्त गर्ने जनाइएको छ । त्यस्तै, प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी, उत्कृष्ट ब्याट्सम्यान, उत्कृष्ट बलर तथा हरेक खेलमा प्लेयर अफ दी म्याच घोषणा गरी ट्रफी प्रदान गरिने उनले जानकारी दिए।

# जानकी माविमा अक्षयकोष स्थापना

पोखरापत्र संवाददाता
पोखरा, १७ असार

पढ्नका लागि उमेरले छेक्दैनन भन्ने उदारणीय बन्नु भएकी गोमा पराजुलीले आफु अध्ययन गरेको महतगौडास्थित जानकी माध्यमिक विद्यालयमा अक्षयकोष स्थापना गर्नुभएको छ।



पोखरा १७ तल्लो विरुवा निवासी उहाँले आफ्नो जन्मदिनको अवसर पारेर विद्यालयमा अध्ययरत जेहेन्दार एवम् विपन्न विद्यार्थीको पठनपाठनमा सहयोग पुऱ्याउने लक्ष्यका साथ ५० हजार रुपैयाको अध्यक्ष कोषको स्थापना गर्नुभएको हो । गोमा फाउण्डेशनका अध्यक्ष समेत रहनु भएका उहाँले उक्त रकम बरावरको चेक विद्यालय व्यवस्थापन समितिका सदस्य हरिप्रसाद बास्तोला, शिक्षक अभिभावक संघका अध्यक्ष विक्रमबाबु भण्डारी, प्रधानाध्यापक अर्जुन कडेललाई सामुहिकरुपमा हस्तान्तरण गर्नुभएको हो। दुई छोरा बुहारी सहितका परिवार अमेरिकामा रहेका र आफु पढ्न नसक्ने भएको कारण पढनु पर्दछ भन्ने सोचका साथ ५३ बर्षको उमेरमा कक्षा १ भर्ना भएर सात कक्षासम्म अध्ययन गर्नुभएको थियो।

सो अवसरमा पराजुलीले विभिन्न कक्षामा अध्ययनरत ७५ जना विद्यार्थीलाई शैक्षिक सामाग्री र चलेट वितरण गरेर उहाँले विद्यालय परिवारसंग आफ्नो जन्मदिन मनाउनु भएको हो। पछिल्लो समय आफु र आफन्तको जन्मदिनमा गरिने फजुल खर्च कटौती गरेर सामुदायिक विद्यालयलाई अक्षयकोष स्थापना र शैक्षिक सामाग्री वितरण गर्ने प्रचलन बढेको छे । विद्यालयमा तीन महिलाको अवधिमा नगेन्द्र शर्मा भण्डारीले छोरा एलेक्स शर्मा भण्डारीले ५५ हजार ५५५, शिक्षक अभिभावक संघका अध्यक्ष विक्रमवावु भण्डारीले छोरा सुहार्द भण्डारीको जन्मदिनमा २१ हजार २२१ बरावरको अक्षयकोष र दृश्यम भिडिया हाउसको स्थापना दिवसको अवसरमा ६५ हजार मुल्य बरावरको शैक्षिक सामाग्री प्रदान गर्नुभएको थियो। विद्याथलय सञ्चालनार्थ विभिन्न संघसंस्था र शिक्षाप्रेमी व्यक्तिबाट हालसम्म दश लाख भन्दा बढीको अक्षयकोष स्थापना गरिएको छ भने त्यसको व्याजबाट प्राप्त रकम विद्यार्थीमा अध्ययनरत विद्यार्थीलाई प्रत्येक बर्ष वितरण गर्दै आएको विद्यँलय व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र गुरुङले जानकारी दिनुभयो।

## सङ्घीय...


बनाउनेतर्फ अग्रसर हुनुपर्नेमा जोड दिनुभयो । "महाधिवेशनले सर्वसम्मत निर्वाचित गरेको नेतृत्व र विचारको रक्षा तथा संस्थागत गर्नु अहिलेको आवश्यकता हो," उहाँले भन्नुभयो। वर्षायामपछि मध्यपहाडी लोकमार्गको अभियानलाई पूर्णता दिने जानकारी दिँदै अध्यक्ष दाहालले त्यसपछि सुरु गरिने सङ्गठन निर्माणको अभियानमा वाइसिएललाई सक्रिय सहभागिता जनाउन आग्रह गर्नुभयो।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : विसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनाबारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उतेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते



पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन



उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी




**GLOBAL COLLEGIATE SCHOOL**
Ranipauwa, Pokhara

**ADMISSION NOTICE**

Global Collegiate School announces admission open for class XI in SCIENCE AND MANAGEMENT for the academic year 2082/083.

ENTRANCE PROGRAMME SCHEDULE

| Stream → | | SCIENCE (Day) | MANAGEMENT (Morning & Day) |
|---|---|---|---|
| Form submission deadline | | 22nd Asar, 2082 (by 4:00 pm) | 22nd Asar, 2082 (by 4:00 pm) |
| Entrance Test | Date | 23rd Asar, 2082 | 23rd Asar, 2082 |
| | Time | 03:00 pm | 03:00 pm |



Minimum requirement
At least GPA 3.0 for Science and GPA 2.4 for Management in SEE.

For entrance application and further detail, contact school office between 7am.-4 pm.

Optional Computer Science is available for both science and management stream.

Principal
**GLOBAL COLLEGIATE SCHOOL**
Ranipauwa, Pokhara, Ph.: 061-574604, 577813, 585817
website : globalcollegiate.edu.np






नेपाल भारत मैत्री विद्यालय
भारतीय राजदूतावास, पेन्सन वितरण कार्यालय
रामबजार, पोखरा

**शैक्षिक सत्र २०२५-२०२६ को लागि नेपाल भारत मैत्री बिद्यालय, पी.पी.ओ. पोखरामा कक्षा ११ मा SCIENCE बिषयमा भर्ना खुला गरिएको सहर्ष जानकारी**

कक्षा ११ को SCIENCE बिषय का लागि SEE पास गर्ने बिद्यार्थीहरुका लागि भारतीय राजदुतावास पेन्सन वितरण कार्यालय पोखराको व्यवस्थापनमा संचालित केन्द्रिय शिक्षा बोर्ड नयाँ दिल्ली (CBSE New Delhi) संग सम्बन्धित तथा नेपाल सरकारबाट स्वीकृत प्राप्त, सबै नेपाली तथा भारतीय नागरिकका छोरा छोरीले पढन पाउने, English माध्यम बाट मात्र पढाई हुने, व्यवस्थित कक्षा कोठा, पुस्तकालय, आधुनिक बिज्ञान प्रयोगशाला, कम्पुटर ल्याब, शान्त, सुरक्षित तथा खुल्ला वातावरणमा अवस्थित नि:शुल्क स्वास्थ्य परिक्षण तथा औषधि उपचारको व्यवस्था भएकोले समयमा नै भर्ना भई आफ्नो पढाईलाई र सिट लाई सुरक्षित गर्नु होस्। अधिक जानकारीको लागि तल दिएको फोन नम्बरमा सम्पर्ग गर्नु होला।

सम्पर्कका लागि फोन नं.
०६१-४३३७१२, ४३३२९६ ९८५६०२४१५७






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।
– पल क्लिथेरोई

## सम्पादकीय

# धानमा आत्मनिर्भर हुन कृषक प्रोत्साहित नीति लेऊ

सरकारले धानमा आत्मनिर्भर हुने नीति लिएको छाआउँदो दुई वर्षमा धानमा आत्मनिर्भर हुने उदेश्य अनुसार बजुटमा घोषणा गरिएको छात्यही योजना अनुसारको उत्पादनलाई निकै महत्व दिएको छ । जलवायु अनुकूलित प्रविधिको अनुसन्धान र विकास एवं उपलब्ध प्रविधिको प्रयोग गर्दै सघन धान खेती मार्फत उत्पादन एवं उत्पादकत्व बढाउँदै देशलाई खाद्यान्नमा आत्मनिर्भर र खाद्य सुरक्षातर्फ अग्रसर गराउने लक्ष्य छ। आइतबार २२ औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव मनाइयो । यस पटक 'धान बालीमा सघनताः खाद्य सुरक्षा र आत्मनिर्भरता' भन्ने नारा तय गरिएको छ। मानो रोपेर मुरी उब्जाउने दिनका रूपमा नेपालमा यो दिवस २०६१ सालदेखि मनाइँदै आइएको छ।

चालु आर्थिक वर्षमा कुल १४ लाख २० हजार ६३६ हेक्टर क्षेत्रफलमा धान खेती हुँदा कुल ५९ लाख ५५ हजार ४७६ मेट्रिक टन धान उत्पादन भएको थियो। अघिल्लो वर्षको तुलनामा १.२८ प्रतिशत कम क्षेत्रफलमा धान रोपाइँ भए पनि हालसम्मको उच्चतम औसत उत्पादकत्वसँगै अघिल्लो वर्षभन्दा ४.०४ प्रतिशतले धान उत्पादनमा बढोत्तरी भएको छ । यस पटक अब पनि सोही अनुपात धान रोपाइँ हुँदै छ । नेपाललाई आवश्यक पर्ने करिब ७० लाख मेट्रिक टन धानमध्ये करिब १० लाख मेट्रिक टन धान अझै अपुग छ। फलस्वरूप गत जेठमा करिब ३८ अर्ब ९४ करोड रुपियाँ बराबरको धान, चामल र कनिका आयात गरिएको थियो । कृषि प्रधान देश नेपालको मुख्य खाद्यान्न बाली धान हो । धान चैते र बर्खे गरी दुई बाली लगाउन सकिन्छ । नेपाली धेरैमा दुई छाक नै भात खाने बानी परेको छ। यसले गर्दा स्वदेशमा उत्पादित धानले नपुगेर बाहिरबाट ठुलो परिमाणमा धानचामल आयात गर्नुपर्ने अवस्था अन्त्य भएको छैन। यो अवस्था अन्त्य गर्नका लागि स्वदेशमा धानको उत्पादन र उत्पादकत्व बढाउनु पर्छ । यो असार रोपाइँ गर्ने महिना हो ।

अझै पनि सबै ठाउँमा पर्याप्त सिँचाइ सुविधा नहुँदा धेरै ठाउँमा आकासे पानीको भरमा रोपाइँ गर्नु पर्छ। धान उत्पादन हुने मुख्य क्षेत्र तराई हो, जहाँ ८० प्रतिशत धान उत्पादन हुन्छ। त्यहाँ पनि पर्याप्त सिँचाइ सुविधा छैन। आधा असार बितिसक्दा बल्लतल्ल १५/१६ प्रतिशत मात्र रोपाइँ सम्पन्न भएको छ। अब बाँकी महिनामा रोपाइँ सक्नुपर्ने छ। यस पटक पर्याप्त वर्षा हुने अनुमान छ। त्यसैले धान खेती पनि राम्रो हुने आशा गरिएको छ। पूर्वी नेपालमा धान रोपाइँ धमाधम सुरु भइसकेको छ। असार १५ अघि नै पानी पुगेका स्थानमा धान रोपाइँ सुरु भएको हो । पश्चिम नेपाल र तराईका अधिकांश भूभागमा पनि यस वर्ष छिट्टै धान रोपाइँ सम्पन्न हुने अनुमान छ। जल तथा मौसम विज्ञान विभागका अनुसार असार १५ देखि कर्णाली, सुदूरपश्चिम, लुम्बिनीसहित तराईका भूभागमा राम्रो वर्षा हुँदै छ । यसले पनि धान रोप्न तयार भएका किसानमा खुसी छाएको छ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) बाट धानबालीका विभिन्न १४० भन्दा बढी जात तयार भएका छन् । नेपालमा हाइब्रिड धानका जातको विकास भएको छ। यसरी विकास भएको बिउको उपलब्धता सुनिश्चित गर्न बिउ वृद्धिका कार्यक्रम तिनै तहका सरकारमार्फत प्रवर्धनमा जोड दिइएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सञ्चालित धानका २१ जोन र पाँच सुपरजोनमार्फत बर्खे र चैते दुवै सिजनमा धानको सम्पूर्ण मूल्य शृ ला विकासमा कार्यक्रम सञ्चालन गरिँदै छ। नेपालमा बहुदलीय व्यवस्था आउनुअघि पञ्चायतकालदेखि नै धानचामलमा परनिर्भर हुन थालेको हो । यो परनिर्भरता हटाई धानचामलमा आत्मनिर्भर बन्न सरकारले विभिन्न कार्यक्रम सञ्चालन गरेको छ । राष्ट्रिय गौरवका रूपमा सुरु गरेका सिँचाइ आयोजनामध्ये अधिकांश निर्माण सम्पन्न हुने चरणमा छन् । भेरी-बबई डाइभर्सन, सुनकोशी-मरिण डाइभर्सनलगायतका केही आयोजना अबको केही वर्षभित्र सम्पन्न हुँदै छन् । यी आयोजनाले कम्तीमा पनि थप पाँच लाख हेक्टर खेतमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने क्षमता राख्छन्। तराईको सम्पूर्ण क्षेत्रमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउन सक्ने हो भने धानमा आत्मनिर्भर भई निर्यात समेत गर्न सकिने छ। यसका लागि जस्ले धेरै धान फलाउँछ उस्लाई पुरस्कृत गर्ने र मल बीउ र प्रविधिमा अनुदान दिएर प्रोत्साहित गरिनुपर्छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बढ्ने |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मानसिक तनाब | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# एसिसी पुरुष यु-१६ पूर्वी क्षेत्रीय क्रिकेट: नेपालले भुटानलाई सहजै हरायो

**रासस**
काठमाडौं, १७ असार

एसिसी पुरुष यु-१६ पूर्वी क्षेत्रीय क्रिकेट प्रतियोगितामा समूह चरणको अन्तिम खेलमा नेपालले भुटानलाई सहजै पराजित गरेको छ । मंगलबार सम्पन्न खेलमा नेपालले भुटानलाई दुई सय ९८ रनको फराकिलो अन्तरले हराएको हो ।

मलेसियाको सेलाङ्गोर टर्फ क्लबको मैदानमा नेपालले टस जितेर पहिला ब्याटिङ गरेको थियो । नेपालले निर्धारित ५० ओभरको खेलमा रौनक श्रीवास्तवको शतकीय पारीको मद्दतमा पाँच विकेटको क्षतिमा तीन सय ५८ रन बनायो । श्रीवास्तवले एक सय ६८ रनको योगदान दिए । उनले एक सय ३२ बल खेल्ने क्रममा पाँच छक्का र १६ चौका हाने । यस्तै जोय थापाले अविजित ६१, शिवान्स बजगाईँले ५४ तथा सुगम बुढाथोकीले ३५ रन बनाए । बलिङतर्फ भुटानका सञ्जय दोर्जेले तीन तथा तेन्जिन लोडेले एक विकेट लिए।

तीन सय ५९ रनको विशाल लक्ष्य पछ्याएको भुटानले ३२ दशमलव ४ ओभरमा ९ विकेट गुमाउँदै मात्र ६० रन बनायो । भुटानका लागि सुजन दावाले १४ तथा उयोग छोफेलले १० रन बनाए। भुटानका अन्तिम ब्याटर क्रिजमा आएनन् ।बलिङतर्फ नेपालका लागि कप्तान विपिनप्रसाद शर्माले १० ओभरमा ७ रन खर्चिएर ४ विकेट लिए । यस्तै सचिन भट्ट र सुयोग भट्टराईले दुई दुई विकेट लिए । नेपाल समूह चरणका चारवटै खेलमा विजेता बनेर समूह 'ए'को शीर्ष स्थानमा रहँदै सेमिफाइनलमा प्रवेश गरेको छ। उक्त समूहबाट दोस्रो स्थानमा रहँदै सिङ्गापुर पनि सेमिफाइनलमा पुगेको छ । यस्तै समूह 'बी'बाट हङकङ शीर्ष स्थानमा रहँदै तथा मलेसिया दोस्रो स्थानमा रहेर सेमिफाइनलमा प्रवेश गरेका छन्।

नेपालले अब बिहीबार सेमिफाइनमा मलेसियासँग खेल्ने छ। नेपाल प्रतियोगिताको डिफेन्डिङ च्याम्पियन हो । नेपालले सन् २०२३ मा भएको प्रतियोगितामा फाइनलमा मलेसियालाई हराउँदै उपाधि जितेको थियो । एसियाली क्रिकेट परिषद् (एसिसी) को आयोजनामा जारी प्रतियोगितामा नेपालसहित १० राष्ट्र सहभागी थिए। समूह 'ए' मा नेपालसहित सिङ्गापुर, इन्डोनेसिया, भुटान र जापान तथा समूह 'बी' मा आयोजक मलेसियासहित हङकङ, माल्दिभ्स, थाइल्याण्ड र म्यानमार रहेका थिए।

# पूर्ण क्षमतामा लमजुङका आयोजनाबाट विद्युत् उत्पादन

**पोखरापत्र संवाददाता**
लमजुङ, १७ असार

हिउँदको समयमा घटेको विद्युत् उत्पादन वर्षा लागेपछि लमजुङमा उत्पादन थालेका जलविद्युत् आयोजनाबाट पूर्ण क्षमतामा विद्युत् उत्पादन भएको छ।

यहाँ मर्स्याङ्दी नदी, दोर्दी, मिदिम, खुदी, स्याँगेलगायतका खोलामा पर्याप्त पानी हुन थालेसँगै केही हप्ताअघिदेखि उत्पादन थालेका जिल्लाका १७ आयोजनामा पूर्ण रूपमा बिजुली उत्पादन भएको हो । गत मङ्सिरबाट घटेको विद्युत् उत्पादन यतिबेला पूर्ण क्षमतामा उत्पादन भएको हो।

जिल्लामा उत्पादन थालेको सबैभन्दा ठूलो बैँसीसहर नगरपालिका-१ दलालस्थित ७० मेगावाट क्षमताको मध्य-मर्स्याङ्दी जलविद्युत् आयोजनामा गत मङ्सिरको सुरुआतदेखि नै विद्युत् उत्पादन घटेर यस आयोजनाको विद्युत् २४ मेगावाट मात्र उत्पादन हुने गरेको थियो। यतिबेला भने मर्स्याङ्दी नदीमा पर्याप्त पानी भएकाले ७० मेगावाट नै बिजुली उत्पादन भइरहेको मध्य-मर्स्याङ्दी जलविद्युत् आयोजना केन्द्रका प्रमुख पवन बस्नेतले बताउनुभयो।

गत वर्षको तुलनामा केही ढिलो गरी विद्युत् उत्पादन बढेको उहाँको भनाइ छ। मध्य-मर्स्याङ्दी आयोजना सन् २००८ मा निर्माणसम्पन्न भएको हो । उक्त आयोजना रु २७ अर्ब २० करोडको लागतमा निर्माणसम्पन्न भएको थियो । यो जलविद्युत् आयोजना जिल्लाकै पहिलो जलविद्युत् आयोजना हो।

यसपछि जिल्लामा क्रमशः आयोजना निर्माण हुँदै बिजुली उत्पादन हुन थालेको छ । सो आयोजनापछि मर्स्याङ्दी गाउँपालिका-८ भुलभुलेमा ५० मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी 'ए' जलविद्युत् आयोजनाले बिजुली उत्पादन थाल्यो । यस आयोजनामा पनि हिउँदमा बिजुली उत्पादन घटेर २५ मेगावाट मात्र उत्पादन भएकामा अहिले नदीमा पानी पर्याप्त भएसँगै पूर्ण क्षमतामा उत्पादन भइरहेको आयोजनाका इन्जिनियर कर्ण अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, "यस वर्ष उत्पादन घट्दा २५ मेगावाटको एउटा टरवाइन मात्र चलाएका थियौं, अहिले दुईवटा चलाएका छौं ।" यहाँ मात्र होइन यतिबेला नेपालभरिकै आयोजनाबाट बिजुली पूर्ण क्षमतामा उत्पादन हुने गरेको उहाँले बताउनुभयो।

त्यसैगरी, दोर्दी कोरिडोरमा रहेको पिपुल हाइड्रोपावर कम्पनीले निर्माण गरेको दोर्दी-६ ढोडेनीस्थित ५४ मेगावाट क्षमताको सुपरदोर्दी 'ख' आयोजनाबाट पनि विद्युत् उत्पादन बढेको छ । हिउँमा बिजुली उत्पादन घटेर १३/१४ मेगावाट मात्र बिजुली उत्पादन भएकामा हाल पूर्ण रूपमा बिजुली उत्पादन भइरहेको आयोजनाले जनाएको छ।

त्यसैगरी, ३० मेगावाटको ङादी जलविद्युत् आयोजना, दोर्दी कोरिडोरमा रहेको हिमालयन पावर पार्टनर लिमिटेड कम्पनीले निर्माण गरेको २७ मेगावाट क्षमताको दोर्दीखोला जलविद्युत्, दोर्दी-६ ढोडेनीमा लिबर्टी इनर्जी हाइड्रोपावरले निर्माण गरेको २५ मेगावाट क्षमताको माथिल्लो दोर्दी 'ए' आयोजना, चार दशमलव चार मेगावाटको राँधी, तीन मेगावाटको मिदिम करापु तथा दुई मेगावाटको छ्याङ्दी आयोजनाबाट बिजुली पूरै क्षमतामा उत्पादन भएको छ। जिल्लामा उत्पादित विभिन्न आयोजनाबाट ३०० मेगावाट बिजुली उत्पादन भएको बताइएको छ । जिल्लाका आयोजनामा बिजुली घट्दा र बढ्दा राष्ट्रलाई नै आर्थिक रूपमा प्रभाव पार्छ।

# सृजना मा.वि.मा विद्यार्थी सम्मान तथा बधाई कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असार



पोखरा- ८, सृजनाचोक, शान्तिमार्ग स्थित सृजना सेकेण्डरी स्कूलले यही असार १६ गते सोमवारका दिन विद्यार्थी सम्मान तथा बधाई कार्यक्रम सम्पन्न गरेको छ।

माध्यमिक शिक्षा परीक्षा (एसईई)-२०८१ मा सम्मिलित भई ४ जिपिए सहित उत्कृष्ट नतिजा प्राप्त गरेर विद्यालयको गरिमा उच्च सफल भएका सम्पूर्ण विद्यार्थीहरूका लागि बधाई तथा सम्मान कार्यक्रम गरी विद्यार्थीलाई सम्मान गरेको हो।

विद्यालयका निर्देशक सीता पाण्डेको अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यक्रममा एस्.ई.ई. उत्तीर्ण विद्यार्थीहरूका अभिभावक तथा विद्यालयका शिक्षक तथा कर्मचारीहरूको उल्लेख्य सहभागिता रहेको थियो।

विद्यालयका प्राचार्य डोलराज पाण्डे र सल्लाहकार कृष्ण घिमिरेले एस्.ई.ई. उत्तीर्ण विद्यार्थीहरूलाई खादा, टीका र मायाको चिनो प्रदान गरी सम्मान गरेका थिए। यसै क्रममा प्राचार्य पाण्डेले मन्तव्य राख्दै अभिभावक, विद्यार्थी, शिक्षक तथा विद्यालयको संयुक्त प्रयासबाट यस प्रकारको उत्कृष्ट नतिजा प्राप्त गर्न सफल भएको कुरा स्मरण गर्दै विद्यार्थी, अभिभावक एवम् शिक्षक कर्मचारीहरूलाई बधाई तथा शुभकामना प्रदान गरेका थिए । उक्त कार्यक्रममा विद्यालयका भाइस प्रिन्सिपल इन्द्र कुमार श्रेष्ठले स्वागत मन्तव्य राखेका थिए भने विद्यालयका सल्लाहकार कृष्ण घिमिरे, शिक्षक प्रकाश क्षेत्री तथा अभिभावक कुशुम गौचनले बधाई तथा शुभकामना मन्तव्य राखेका थिए । यसैगरी एसईई उत्तीर्ण विद्यार्थीहरूका तर्फबाट योजना माझी, स्पन्दन गोर्खाली र प्रिन्सा अर्यालले मन्तव्य राखेका थिए। उक्त बधाई तथा सम्मान कार्यकम विद्यालयका शिक्षक विष्णुप्रसाद सुवेदीले सञ्चालन गरेका थिए।

# ङइला नाका तीन महिनाका लागि खुल्ला

**पोखरापत्र संवाददाता**
गोरखा, १७ असार

तिब्बती क्षेत्र आवतजावत गर्ने उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-७ छेकम्पारको ङइला नाका खुलेको छ । तिब्बती सुरक्षाकर्मीले आजदेखि उक्त नाका खुल्ला गरेको छेकम्पारका निवर्तमान वडाअध्यक्ष पासाङफुञ्जो लामाले जानकारी दिनुभयो।

वडाअध्यक्ष लामाका अनुसार यसपटक तीन महिनाका लागि नाका खुल्ला गरिएको हो । कोरोना महामारीपछि उक्त नाका बन्द गरिएको थियो। गत वर्ष सो नाका एक महिनाका लागि खुलेको थियो । तिब्बती नाका खुल्ला भएसँगै हालसालै सङ्कलन गरिएको यार्सागुम्बा, वनलसुनलगायत जडीबुटी तिब्बती बजारमा बेचेर त्यहाँबाट खाद्यान्न, लत्ताकपडा तथा अन्य आवश्यक सामग्री ल्याउन पाइने भन्दै स्थानीय खुशी भएका छन्।

चुमनुब्री-१ स्थित रुइला नाका भने हाल खुला गरिएको छैन।


# धितोमा रहेको घरजग्गा बिक्री बारेको ७ दिने सूचना

प्रकाशित मिति २०८२/०३/१८ गते (पोखरापत्र राष्ट्रिय दैनिक)

यस कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि. बाट तपसिलमा उल्लेखित सदस्यले अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनुभएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा ब्याज एवम् अन्य दै-दस्तुर रकम समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको शर्त सम्झौता उल्लङ्घन गर्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरि जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि नतिरी बसेकाले यस संस्थाको ऋण असुली नीति २०८० को अधिकार प्रयोग गरी आजको मितिले ७ दिनभित्र धितो लिलाम बिक्रीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | ऋणीको फोटो | ऋणी सदस्यको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १. |  | **नाम थरः सर्मिला गुरुङ**<br>ना. प्र. प. नं.ः २३३१२, कास्की<br>ठेगानाः पोखरा -१३, कास्की<br>हालः पोखरा १३, कास्की<br>पतिको नामः कमान सिं गुरुङ<br>ससुराको नामः पतिराम गुरुङ | **सर्मिला गुरुङ**को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पोखरा १३ को कि.नं. १६९ र १९७ को क्षेत्रफल क्रमशः ८९ र ६० व.मि. र सो जग्गामा बनेको घर |

**धितो लिलाम बिक्रीको शर्त तथा बन्देजहरुः**

१) बोलपत्र फाराम यस सहकारी संस्था लि.को मिति २०८२/३/२५ गतेभित्र कार्यालय समयमा रु १,००० (एक हजार रुपैया मात्र ) भुक्तान गरी प्राप्त गर्न सकिनेछ।
२) डाँक बढाबढ सूचनामा तोकिए बमोजिमको मिति समय र स्थानमा स्वयम् उपस्थित हुनुपर्नै छ। म्याद नाघी वा रित नपुगी आएको बोलपत्र कुनै कारबाही हुने छैन।
३) डाँक बढाबढ बुझाउने अन्तिम दिन बिदाको दिन परेमा सो दिनको भोलिपल्ट कार्यालय खोलेको दिन दिउँसो ठिक ४:०० बजेसम्ममा डाँक बढाबढ बोलपत्र खोल्न सकिने छ।
४) डाँक बढाबढ बोलपत्र आफुले सकार गरिलिन चाहेको रकम अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ।
५) डाँक बढाबढ बोलपत्र आफुले कबुल गरेको रकमको १० प्रतिशत रकम संस्थाको नाममा खिचिएको ड्राफ्ट/चेक/नगद जम्मा भौचर समेत डाँक बढाबढ बोलपत्र साथ समाबेश गरी पेश गर्नुपर्नेछ।
६) बढी रकम बोल गर्नेको स्विकृत भएमा नियम अनुसार बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ती आफ्नो नाममा नामसारी गर्ने प्रक्रिया अगाडि बढाउनु पर्नेछ। उक्त बाँकी रकम तोकिएको समयम नबुझाएमा धरौटी बापत बुझाएको १० प्रतिशत रकम स्वत जफत हुनेछ।
७) कुनै पनि अबस्थामा लिलाम प्रक्रिया रद्ध गर्ने वा स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित हुनेछ।
७) इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ती जहा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा खरिद गर्नुपर्ने छ।
८) सहकारी ऐन २०७४ को परिच्छेद १४ को दफा ७९ को उपदफा ६ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा संस्थालाई चित्त बझ्दो नभएमा प्रचलित सहकारी ऐन अनुसार संस्थाले उक्त सम्पत्ती सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ।
९) उक्त लिलाममा राखेको सम्पत्तीको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेसजन, दस्तुर, सम्पत्ती कर, स्थानिय कर र धारा/बिजुली शुल्क सम्पूर्ण बक्यौता समेत सम्पूर्ण दायित्व आदि सकार गर्ने ब्यक्ति आफैले तिर्नु पर्ने छ।
१०) उक्त सम्पत्ती लिई सकेपछि सो को सम्पूर्ण जवाफ स्वयम् खरिदकर्ताको हुनेछ।
११) लिलाम बढाबढ बोलकबोल रकम वा धरौटी बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन । लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता पाईने छैन।

**कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पोखरा-१३, बाँझापाटन
फोन नं.: ०६१-५८३८८१, ५९०६७३

# अठार करोडको लागतमा तटबन्ध निर्माण

रासस
मुस्ताङ, १७ असार

कालीगण्डकी नदी सतहको उकासले हिमाली जिल्ला मुस्ताङको एक दर्जन तटीय बस्ती उच्च जोखिममा परेको छ। कालीगण्डकी नदीको तटीय क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा र गेग्र्यानले बर्सेनि नदी उकास वृद्धि हुँदै जाँदा यहाँका तीन पालिकाका अधिकांश तटीय बस्तीले वर्षौंवर्षदेखि विपद् जोखिमको सामना गर्दै आइरहेका छन् ।

मुस्ताङस्थित कालीगण्डकी नदी क्षेत्रको तटीय बस्ती तथा खेतीयोग्य जग्गा सरक्षणका लागि सङ्घीय सरकारको विशेष अनुदानबाट बहुवर्षीय बृहत् कालीगण्डकी नदी नियन्त्रण योजना हालै सम्पन्न भएको छ । यहाँको वारागुङमुक्तिक्षेत्रगाउँपालिका-३ छुसाङदेखि घरपझोङ हुँदै थासाङ गाउँपालिका-३ लेते धम्पुसम्मको करिब ६५ किलोमिटर दूरीमा एक दर्जन तटीय बस्ती जोगाउन कालीगण्डकी बृहत् तटबन्ध निर्माण गरिएको हो । सङ्घीय योजनाअन्तर्गत खानेपानी, जलस्रोततथासिँचाइसबडिभिजन कार्यालय मुस्ताङले कार्यान्वयन गर्ने गरी यहाँको एक दर्जन बढी तटीय बस्ती जोगाउन तीन हजार ४१० मिटर लामो विभिन्न प्रकृतिको तटबन्ध निर्माण गरिएको हो । यसका लागि मुस्ताङको वारागुङ–३ छुसाङदेखि घरपझोङ–३ स्याङसम्मको प्याकेज एक र मुस्ताङको घरपझोङ-२ मार्फादेखि थासाङ-३ लेते धम्पुसम्मको प्याकेज दुईको एउटै निर्माण कम्पनीले तटबन्ध निर्माणसम्पन्न गरेको खानेपानी, जलस्रोत तथा सिँचाइ सबडिभिजन कार्यालयका प्रमुख सञ्जय कोइरालाले जानकारी दिनुभयो। कालीगण्डकी बस्ती संरक्षणका लागि कालीगण्डकी नदी नियन्त्रण योजनाको सम्झौताअनुसार ग्याबिन, आरसिसी, प्लम्प कङ्क्रिट र ठूल्ठूला ढुङ्गा बिच्छ्याएर बिग बोल्डिङ स्टेकिङ तटबन्ध निर्माण गरिएको कार्यालय प्रमुख कोइरालाले उल्लेख गर्नुभयो । यहाँस्थित कालीगण्डकी तटीय बस्ती संरक्षणका लागि पहिलो र दोस्रो प्याकेज गरी दुवैको अमित बिल्डर्सले ठेक्का पाएको थियो।

प्याकेज एकअन्तर्गत मुस्ताङको छुसाङदेखि घरपझोङ-३ स्याङसम्मको दूरीमा तटबन्ध निर्माण गर्न रु नौ करोड १२ लाख लागतमा विसं २०८१ असार ३ मा अमित बिल्डर्सले ठेक्का सम्झौता गरेको थियो । यहाँ शत्प्रतिशत भौतिक प्रगति भएको छ भने वित्तीय प्रगति ९८ दशमलव ७९ प्रतिशत रहेको कार्यालय प्रमुख कोइरालाले जानकारी दिनुभयो।

कालीगण्डकी तटीय बस्ती संरक्षणका लागि प्याकेज एकअन्तर्गत वारागुङमुक्तिक्षेत्रको छुसाङमा २३१ मिटर, तिरीमा ५२२ मिटर, एक्लेभट्टीमा २६५ मिटर, पान्डा खोलामा ६० मिटर र घरपझोङ-३ स्याङको कालीगण्डकी तटमा ५४९ मिटर गरी एक हजार ६२७ मिटर लामो तटबन्ध निर्माणसम्पन्न भएको कार्यालय प्रमुख कोइरालाले बताउनुभयो।

यसैगरी,सङ्घीययोजनाअन्तर्गत खानेपानी, जलस्रोत तथा सिँचाइ सबडिभिजन कार्यालयले प्याकेज दुईको बृहत् तटबन्ध निर्माणसम्पन्न भइसकेको जनाएको छ । प्याकेज दुईका लागि अमित बिल्डर्स निर्माण कम्पनीले रु नौ करोड २६ लाख लागतमा तटबन्धको ठेक्का सम्झौता गरेको थियो। प्याकेज दुईमा घरपझोङ-२ मार्फादेखि थासाङ-३ धम्पुसम्मको दूरीमा शत्प्रतिशतभौतिक९५दशमलव ९५ प्रतिशत वित्तीय प्रगति भएको प्रमुख कोइरालाको भनाइ छ।

यहाँस्थित प्याकेज दुई तटबन्ध निर्माण योजनाअन्तर्गत मार्फामा १११ मिटर, टुकुचेमा ७१७ मिटर, खन्तीमा ९०९ मिटर, सौरुमा ६० मिटर, सिर्खुममा २४६ मिटर, कोखेठाँटीमा २४४ मिटर, छाक्ताङमा १७१ मिटर र थासाङको धम्पुमा ४२ मिटर गरी कुल एक हजार ७८३ मिटर लामो तटबन्ध निर्माणसम्पन्न भएको कार्यालय प्रमुख कोइरालाले बताउनुभयो।

कालीगण्डकी नदी नियन्त्रण योजनाअन्तर्गत सदरमुकाम जोमसोममा अन्य सरकारी निकायले तटबन्ध निर्माण गरिसकेकाले यस कार्यालयबाट तटबन्ध निर्माण योजनामा समावेश नभएको कार्यालय प्रमुख कोइरालाले स्पष्ट पार्नुभयो । जोमसोममा राष्ट्रिय योजना आयोगको बजेटबाट घरपझोङ गाउँपालिकाले कार्यान्वयन गर्नेगरी यसअघि नै तटबन्ध निर्माण गरिसकेको छ। यसैगरी, सङ्घीय सरकारको सिँचाइ विभाग नदी नियन्त्रण महाशाखाअन्तर्गत जोमसोम बजार संरक्षणका लागि नदी नियन्त्रण तटबन्ध निर्माण अन्तिम चरणमा पुगेको छ। यस्तै, जोमसोम विमानस्थल संरक्षणका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणले कालीगण्डकी नदीमा विमानस्थल संरक्षणका लागि आवश्यक आरसिसी तटबन्ध निर्माण गरिसकेको छ।


## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।**
**नामः विनोद प्रसाद हेज्यू**
**विमा लेख नं. १३०००६६२४**
**ठेगानाः भरतपुर महानगरपालिका–१, चितवन**
**नामः अन्जु हेज्यू प्रधान**
**विमा लेख नं. १३०००६७५९**
**ठेगानाः भरतपुर महानगरपालिका–१, चितवन**
**सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**
**मोः ९८५६०२७४९०, ९८४६०३२१३९**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. १३ आर्वा विजयपुर पहिरो संरक्षण तथा बाटो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।**
**योजनाको नाम : आर्वा विजयपुर पहिरो संरक्षण तथा बाटो निर्माण**
**उपभोक्ता समितिको नाम : आर्वा विजयपुर पहिरो संरक्षण तथा बाटो निर्माण कार्य समिति, पोखरा-१३, कास्की**
**योजना सम्झौता मिति : २०८१/१०/१४**
**योजना सुरु मिति : २०८१/१०/१५**
**योजना सम्पन्न भएको मिति : २०८२/०३/१८**
**महानगरपालिकाबाट : रु. ३०,००,०००/-**
**जनसहभागिता : रु. १,५७,८९५/-**
**योजनाको कुल लागत : रु. ३१,५७,८९५/-**

**गोपिराज बराल**
**अध्यक्ष**
**आर्वा विजयपुर पहिरो संरक्षण तथा बाटो निर्माण कार्य समिति, पोखरा-१३, कास्की**

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
**पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, दमौली, तनहुँ**

## लिखित दावी पेश गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८२/०३/१७

पर्यटन तथा उद्योग कार्यालय, तनहुँमा मिति २०७६/०३/१० मा दर्ता भएको प्रा.फ./सा.फ. नं. ७८०५/०७५/०७६ को शेरावेसी पशुपालन तथा कृषि फर्म नामको साझेदारी फर्म खारेजी गरी पाउँ भनी प्रोपाइटर पोखरा-५ कास्की बस्ने श्री न्युटन प्रसाद भुर्त्याल समेतको निवेदन परेकोले उक्त फर्मसँग कसैको कुनै प्रकारको लेनदेन वा दायित्व बाँकी रहेको भए सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र सो को प्रमाण सहितको लिखित दावी पर्यटन तथा उद्योग कार्यालय, तनहुँमा पेश गर्न यो सूचना प्रकाशन गरिन्छ।
उद्योगको नाम र ठेगना नामः
शेरावेसी पशु पालन तथा कृषि फर्म
ठेगानाः शुक्लागण्डकी-१ तनहुँ


# मनसुनका एक महिनाः ६७४ घटना, ३१ जनाको मृत्यु

रासस
काठमाडौं, १७ असार

गत जेठ १५ देखि यही असार १६ गतेसम्म ६७४ वटा मनसुनजन्य विपद्का घटना भएका छन् । ती घटनामा ३१ जनाको मृत्यु भएको छ भने ११२ जना घाइते भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार उक्त अवधिमा पहिरोका ८७ घटनामा २५ घरमा आंशिक र ११ घरमा पूर्णक्षति भएको छ । समीक्षा अवधिमा एउटा पुल, सातवटा गोठ र १४ चौपाया मरेका छन् । पहिरोबाट रु दुई करोड २१ लाख बराबरको क्षति भएको छ।

यसैगरी, बाढीका ६४ घटनामा चार जनाको मृत्यु भएको तथा चार जना नै घाइते भएका छन् । बाढीबाट १२३ परिवार प्रभावित भएका छन् । चार वटा घरमा क्षति भएको छ। चट्याङका ८२ वटा घटनामा आठ जनाको मृत्यु भएको, २० जना घाइते भएका छन्। हुरीका ४५ घटनामा एक जनाको मृत्यु भएको तथा तीन जना घाइते भएका छन्। विपद्का घटनामा रु २६ करोडको आर्थिक क्षति भएको छ।

# लायन्स क्लब अफ माउण्टेनसिटीद्वारा विविध सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १७ असार



लायन्स क्लब आफ पोखरा माउण्टेनसिटीको वर्ष २०२५/०२६ को कार्यसमितिले पहिलो दिन आजबाट विविध सहयोगको कार्यक्रम गरी सुरुवात गरेको छ।

पोखरा २९ मदरीकुना, लेखनाथमा रहेको नर्मदेश्वर मोक्ष सन्यास आश्रममा खाद्यान्न वितरण, वृक्षारोपण र विरुवा गोडमेल कार्यक्रम गरेको हो।

कार्यक्रमका प्रमुख अतिथि एवम् डिष्ट्रिक चिफ लायन खेमराज बरालले १०८ ऋषिमानन्द गिरी खाद्यान्न दिएर उद्घाटन गरेका थिए । कार्यक्रममा बोल्दै प्रमुख अतिथि बरालले माउण्टेनसिटीले अघिल्ला वर्षहरुमा गरेको कार्यक्रमहरु उत्कृष्ट रहेको र पुरस्कृत समेत भएको प्रशंसा व्यक्त गर्दै वर्ष ०२५/२६ को कार्यसमितिलाई सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए। लायन्स क्लब अफ पोखरा माउण्टेनसिटीका वर्ष २०२५/०२६ का अध्यक्ष लायन विष्णुप्रसाद अधिकारीले हरेक वर्षमा पोखरा माउण्टेनसिटी क्लबले उत्कृष्ट रुपमा सेवाको भावले काम गर्दै आएको र यो वर्षपनि डिष्ट्रिकमा पहिलो हुनेगरी काम गर्ने जानकारी गराएका थिए। अध्यक्ष अधिकारीले चामल, दाल, चिउरा, भुजा लगायतको खाद्यान्नको स्वयम व्यवस्थापन गरेका थिए । भने लायन प्रेमबहादुर थापाको संयोजकत्वमा भएको थियो । त्यसैगरी बृक्षारोपण कार्यक्रमका प्रमुख अतिथि, संस्थापक अध्यक्ष एवम् इन्टरनेशनल एड्भाइजर लायन पिएमजेएफ डोलराज पोखरेलले अघिल्ला वर्षहरुमा पनि फलफूलका विरुवाहरु निरन्तर रोपिएपनि संरक्षणको अभाव भएको बताएका थिए। "आवश्यक विरुवाहरु हामी उपलब्ध गराउछौं, संरक्षण स्थानीय र मन्दिर व्यवस्थापनले गर्नुपर्छ, अन्यथा रोप्दै जाने अर्को वर्ष आउदा विरुवा नदेखिनु दुःखको कुरा हो" उनले भने । बृक्षारोपण कार्यक्रम संयोजक फस्ट भिपी पदम श्रेष्ठबाट १४ वटा ड्रागन फ्रुटको विरुवा सहयोग गरी रोपिएको थियो । संयोजक श्रेष्ठलेले ९ महिनामा नै उत्पादन दिने उच्च नश्लका विरुवाहरु रोपिएको हुँदा उचित हेरचाह गर्न व्यवस्थापन समितिलाई सुझाव दिंदै आवश्यक परामर्श र संरक्षणको लागि क्लबले सहयोग गर्ने जानकारी गराएका थिए। उक्त कार्यक्रममा अघिल्लो वर्षमा रोपिएका फलफूल तथा अन्य विरुवाहरुको गोडमेल समेत गरिएको थियो।

नर्मदेश्वर मोक्ष सन्यास आश्रमका सचिव ई.माधव भण्डारी, १०८ ऋषिमानन्द गिरी, डा.स्वामी विश्वानन्दले धन्यवाद व्यक्त गरेका थिए भने पूर्व अध्यक्ष एवम् जोन चियरप्रर्सन नरेश सुवेदी, पूर्व अध्यक्ष मोहदत्त भुषाल, पूर्व अध्यक्ष शक्ति बराल, थर्ड. भिपी कल्याण तिमिल्सिना लगायतले आफ्नो धारणा राखेका थिए। क्लवका सचिव शिवप्रसाद रिमालले सञ्चालन गरेको कार्यक्रम अध्यक्ष विष्णु प्रसाद अधिकारीको अध्यक्षतामा भएको थियो भने सल्लाहकार प्रेमबहादुर थापाले स्वागत गरेका थिए।


## सदस्यलाई ऋण चुक्ता गर्न आउने बारे १५ दिने सूचना

प्रकाशित मिति २०८२/०३/१८ गते (पोखरापत्र राष्ट्रिय दैनिक)

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने सावा, व्याज एवम् हर्जना व्याज समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित जानकारी गराउदा समेत आफुले बुझाउनुपर्ने पुरा रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस संस्थालाई बुझाउन पर्ने सम्पूर्ण सावा ब्याज, हर्जना ब्याज, तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला वा बुझाउनु भएको भए प्रमाणित कागजात सहित संस्थामा उपस्थित हुनुहोला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपसिल**

| क्र.सं. | ऋणीको फोटो | ऋणीको नाम र ठेगना | जमानी बस्नेको नाम र ठेगना | धितोमा रहेको सम्पतिको विवरण |
|---|---|---|---|---|
| १. |  | नाम थरः रामचन्द्र बहादुर भट्टराई<br>ना.प्र.प.नंः १२०९८५-कास्की<br>ठेगानाः पोखरा-१७ कास्की<br>बाबुको नामः रत्न बहादुर भट्टराई<br>बाजेको नामः भक्त बहादुर | नामः बेदान्त जंग भट्टराई<br>ना.प्र.प.नंः४६-०१-७५-०४०३०<br>ठेगानाः पोखरा लेखनाथ -१७ कास्की<br>बाबुको नामः रामचन्द्र बहादुर भट्टराई<br>बाजेको नामः रत्न बहादुर | रामचन्द्र बहादुर भट्टराईको नाममा मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पदेली-२ (हाल पो.म.न.पा १८) को कित्ता नं ११३६, ८०० को क्षेत्रफल क्रमशः २-१३-०-१ वर्गमिटर १४३२.७४ र २-१३-०-३ वर्गमिटर १४३६.७२ जग्गा |
| २. |  | नाम थरः भगवती देवी भट्टराई<br>ना.प्र.प.नंः४६-०१-७४-०६१७२-कास्की<br>ठेगानाःपोखरा लेखनाथ-१७ कास्की<br>पतिको नामः रत्न बहादुर भट्टराइ<br>ससुराको नामः भक्त बहादुर | नामः बेदान्त जंग भट्टराई<br>ना.प्र.प.नंः४६-०१-७५-०४०३०<br>ठेगानाः पोखरा लेखनाथ -१७ कास्की<br>बाबुको नामः रामचन्द्र बहादुर भट्टराई<br>बाजेको नामः रत्न बहादुर | रामचन्द्र बहादुर भट्टराईको नाममा मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पदेली-२ (हाल पो.म.न.पा १८) को कित्ता नं ११३६, ८०० को क्षेत्रफल क्रमशः२-१३-०-१ वर्गमिटर १४३२.७४ र २-१३-०-३ वर्गमिटर १४३६.७२ जग्गा |
| ३. |  | नाम थरः वैदेही भट्टराई<br>ना.प्र.प.नंः४६-०१-७८-००२६३-कास्की<br>ठेगानाःपोखरा म.न.पा.-१७ कास्की<br>बाबुको नामः रामचन्द्र बहादुर भट्टराई<br>बाजेको नामः रत्न बहादुर | नाम थरः रामचन्द्र बहादुर भट्टराई<br>ना.प्र.प.नंः १२०९८५-कास्की<br>ठेगानाः पोखरा-१७ कास्की<br>बाबुको नामः रत्न बहादुर भट्टराई<br>बाजेको नामः भक्त बहादुर | वैदेही भट्टराईको मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पदेली ३ को कित्ता नं ४१३ को क्षेत्रफल ०-१५-३-० वर्गमिटर ५००.७० जग्गा |
| ४. |  | नामः बिनिता कार्की(भट्टराई)<br>ना.प्र.प.नंः १४२०-मोरङ<br>ठेगानाः पोखरा-१७ कास्की<br>पतिको नामः रामचन्द्र बहादुर भट्टराई<br>ससुराको नामः रत्न बहादुर भट्टराई | नामः बेदान्त जंग भट्टराई<br>ना.प्र.प.नंः४६-०१-७५-०४०३०<br>ठेगानाः पोखरा लेखनाथ-१७ कास्की<br>बाबुको नामः रामचन्द्र बहादुर भट्टराई<br>बाजेको नामः रत्न बहादुर | रामचन्द्र बहादुर भट्टराईको नाममा मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पदेली-२ (हाल पो.म.न.पा १८) को कित्ता नं ११३६, ८०० को क्षेत्रफल क्रमशः२-१३-०-१ वर्गमिटर १४३२.७४ र २-१३-०-३ वर्गमिटर १४३६.७२ जग्गा |
| ५. |  | नामः बेदान्त जंग भट्टराई<br>ना.प्र.प.नंः४६-०१-७५-०४०३०<br>ठेगानाः पोखरा लेखनाथ-१७ कास्की<br>बाबुको नामः रामचन्द्र बहादुर भट्टराई<br>बाजेको नामः रत्न बहादुर | नामः बिनिता कार्की(भट्टराई)<br>ना.प्र.प.नंः १४२०-मोरङ<br>ठेगानाः पोखरा-१७ कास्की<br>पतिको नामः रामचन्द्र बहादुर भट्टराई<br>ससुराको नामः रत्न बहादुर भट्टराई | रामचन्द्र बहादुर भट्टराईको नाममा मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पदेली-२ (हाल पो.म.न.पा १८) को कित्ता नं ११३६, ८०० को क्षेत्रफल क्रमशः२-१३-०-१ वर्गमिटर १४३२.७४ र २-१३-०-३ वर्गमिटर १४३६.७२ जग्गा |

**कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पोखरा-१३, बाँझापाटन
फोन नं.: ०६१-५८३८८१, ५२०६७३